# तथ्यगत खोजी तथा वकालत सम्बन्धमा नेपालका लागि अन्तर्राष्ट्रिय मिडिया मिसन,

## २३–२७ फेब्रुवरी २०१२

# अभिव्यक्ति स्वतन्त्रता, मिडियाको स्वतन्त्रता र सूचनाको हक सम्बन्धमा नयाँ संविधानका लागि गरिएका प्रस्तावहरूको विश्लेषण

मार्च २०१२


तयार गर्ने

**टोवी मेन्डल**

कार्यकारी निर्देशक

सेन्टर फर ल एण्ड डेमोक्रेसी

## परिचय

तथ्यगत खोजी तथा वकालत सम्बन्धमा नेपालका लागि अन्तर्राष्ट्रिय मिडिया मिसन (अन्तर्राष्ट्रिय मिडिया मिसन समेत भनेर चिनिन्छ) मा विश्वव्यापी मिडिया संगठनहरु, अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी समूह, मिडिया विकास सम्बन्धी संस्थाहरु तथा युनेस्को लागायतका १५ वटा अन्तर्राष्ट्रिय संघ संस्थाहरु सम्बद्ध रहेका छन्। नेपाल पत्रकार महासंघको आमन्त्रणमा नेपाल आएको मिसनले फेब्रुवरी २३ देखि २७ सम्म देशको मिडिया स्वतन्त्रताको अवस्थाको बारेमा अध्ययन गरेको थियो।[1] अन्तर्राष्ट्रिय मिडिया मिसनको यो सातौं नेपाल भ्रमण हो, यस अघि जुलाई २००५, मार्च २००६, सेप्टेम्बर २००६, जनवरी २००८, अप्रिल २००८ तथा फेब्रुवरी २००९ मा पनि मिसनले नेपालको भ्रमण गरेको थियो।

मुलतः नेपालमा शाही कु भएको समयमा दमनकारी संयन्त्रहरु कायम रहेको अवस्थामा मुलतः अभिव्यक्ति स्वतन्त्रताको सम्मानको पक्षमा वकालत गर्न तथा सो समयमा स्थानीय मिडिया तथा मिडिया एवं अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी समूहहरुको पक्षमा ऐक्वद्धता जनाउने क्रममा अन्तर्राष्ट्रिय मिडिया मिसन शुरु भएको हो। लोकतन्त्रको पुनःस्थापना संगै र सकारात्मक सुधारको अवसर देखापरे संगै मिसनले सुधारात्मक प्रयासहरुमा सहयोग गर्नेतर्फ केन्द्रित हुन आफुलाई रुपान्तरण गरेको छ। किनकि यसको शुरुवात देखि नै मिसन र यसका सदस्यहरुले अभिव्यक्ति स्वतन्त्रता एवं मिडिया तथा सूचनाको हकको सम्मानको आफ्ना गतिविधिहरुलाई व्यापकरुपमा बढाईरहेको छ।

सन् २००९ को फेब्रुवरीको पछिल्लो अन्तर्राष्ट्रिय मिडिया मिसन देखि नेपालमा संविधान सभाले नयाँ संवैधानिक प्रस्तावहरु तयार गर्नमा जुठिरहेको छ, जुन प्रक्रिया एवं विकास सन् २००६ मा भएको वृहत शान्ति सम्झौतामा आधारित भई अघि बढेको थियो। विभिन्न विषयहरुमा संवैधानिक प्रस्तावहरु तयार गर्नको लागि दशवटा विषयगत समितिहरु गठन गरिएको थियो जसका आधारमा संवैधानिक समितिले संबिधानको पूर्ण मस्यौदा तयार गर्नुपर्ने हुन्छ।

मौलिक हक तथा निर्देशक सिद्धातहरु सम्बन्धी समितिलाई मानव अधिकार सम्बन्धी मस्यौदा गर्ने जिम्मेवारी दिईएको थियो र यसले आफ्नो मस्यौदा प्रस्ताव संविधान सभामा पेश गरिसकेको छ। यस सन्दर्भमा नयाँ संविधानमा समावेश गरिने मानव अधिकार लगायतका धेरैजसो सवालहरुमा सैद्धान्तिक रुपमा सहमतिमा बनिसकेको छ। सहमति हुन बाँकी रहेका केही विषयहरुलाई सम्बोधन गर्ने विशेष कार्यादेश सहित संवैधानिक समिति अन्तर्गत एउटा विवाद समाधान उपसमिति निर्माण गरिएको छ। विशेष समितिको कार्यादेश सहमति जुट्न नसकी पठाईएका विषहरुहरुमा मात्र सीमित छ र अन्य विषयहरुलाई औपचारिक टुङ्गयाउने गरी छलफलमा ल्याईएको छैन र तापनि संशोधन सबैंधानिक समितिमा वा अन्ततः संविधान सभा मै पनि संशोधन हुन सक्ने अवस्था अझै विद्यमान छ, जहाँ अन्तीम रुपमा स्वीकृतिको लागि हरेक संवैधानिक प्रावधानलाई छुट्टाछुट्टै रुपा मतदान गर्नुपर्ने हुन्छ।

नयाँ संविधानमा मानव अधिकार सम्बन्धमा अभिव्यक्ति स्वतन्त्रता, मिडिया स्वतन्त्रा तथा सूचनाको हकको संरक्षण सम्बन्धी तीनवटा प्रस्तावहरुमा अन्तर्राष्ट्रिय मिडिया मिसनको खास चासो र सरोकार रहेको छ। आफ्नो फेब्रुवरी भ्रमणका बेला अन्तर्राष्ट्रिय मिडिया मिसनले यी संवैधानिक प्रस्तावहरुका बारेमा प्रधानमन्त्री, संविधान सभाका अध्यक्ष तथा सदस्यहरु एवं मुख्य राजनीनिक दलका नेताहरु लगायतका मुख्य सरोकारवालाहरुहरु छलफल गर्ने अवसर प्राप्त गरेको थियो। उनीहरुसंग हामीले नयाँ संवैधानिक प्रस्तावहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप छैनन् र अझ भन्नुपर्दा अन्तरीम संविधान २०६३ का साथै २०४७ सालको संविधानले निश्चित गरेको भन्दा पनि यी व्यवस्थाहरु कमजोर छन् भन्ने चासो हामीले उठाएका थियौं। ती प्रस्तावहरु तथा प्रस्तावका आधारहरुको अंग्रेजी रुपान्तरण यस प्रतिवेदनको अनुसुचिमा संलग्न गरिएको छ।[2]

हाम्रा चासोहरुमा आधारित भएर र लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता, मिडिया एवं सूचनाको हकको आधारभुत महत्वलाई बुझेर राष्ट्रिय स्तरका मुख्य सरोकारवालाहरुले यी अधिकारहरु सम्बन्धी प्रस्तावका बारेमा पुनर्विचार गर्न सहमत भएका थिए। साथै उनीहरुले आवश्यकता अनुसार संविधान सभाको संवैधानिक समिति जस्ता संयन्त्रहरु मार्फत ती प्रस्तावहरुलाई

---

१ यस मिसनमा निम्न उल्लेखित संस्थाहरुको सहभागिता थियो। AMARC, ARTICLE 19, Centre for Law and Democracy (CLD), Committee to Protect Journalists (CPJ), International Federation of Journalists (IFJ), International News Safety Institute (INSI), International Media Support (IMS), International Press Institute (IPI), Internews, Open Society Foundations (OSF), Reporters sans Frontières (RSF), South Asia Free Media Association (SAFMA), South Asia Media Solidarity Network (SAMSN) and UNESCO

२ अन्तर्राष्ट्रिय मिडिया मिसनले आगामी संविधानका लागि गरिएका मानवअधिकार सम्बन्धी प्रस्तावको बारेमा नेपाल कन्स्टीच्युसन फाउन्डेसनले गरेको अप्रमाणीत अंग्रजी रपान्तरणलाई आधार लिएको हो। जुन ttp://www.ncf.org.np/ca-archives/fundamental_rights.htm मा उपलब्ध छ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउनका लागि सो बारेमा थप छलफल गर्न समेत सहमति जनाएका थिए।

अन्तर्राष्ट्रिय मिडिया मिसनले यी मुख्य पक्षहरु तथा अन्य इच्छुक सरोकारवालाहरुसंग अभिव्यक्ति स्वतन्त्रता, मिडिया तथा सूचनाको हकबारेको यी विश्लेषणहरु सहित र यो प्रक्रियामा सहयोग पुऱ्याउन सहमति जनाएको थियो। यो विश्लेषणमा यी अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरु र त्यसैगरी कुन संवैधानिक प्रस्ताव चाहीं यी मापदण्ड पुरा गर्न चुकेको छ भन्ने कुराहरु समेटिएको छ। साथै यसले कसरी ती प्रस्तावहरुलाई सकेसम्म धेरै अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउन सकिन्छ भन्ने बारेमा ठोस सुझाव समेत प्रदान गर्दछ।

## अन्तर्राष्ट्रिय मापदण्ड सम्बन्धी जानकारी

अभिव्यक्ति स्वतन्त्रता, मिडिया एव सूचनाको हकलाई सुनिश्चित गर्ने मुख्य अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर)[३] हो। उक्त महासन्धि नेपालले सन् १९९१ को मे मा अनुमोदन गरेको छ र जसले पक्ष राष्ट्र उपर आधिकारिक रुपमा कानुनी दायित्व सिर्जना गर्दछ र जसको सम्मान गर्नुपर्दछ। यस सन्धीको धारा १९ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकका सम्बन्धमा देहायको कुरा सुनिश्चित गरेको छ :

१. हरेक व्यक्तिलाई विचारको स्वतन्त्रताको हक हुनेछ।

२. हरेक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको हुनेछ, यस कुराले विना कुनै रोकतोक मौखिक रुपमा, लेखेर वा छपाएर वा कलाको माध्यमबाट वा आफ्नो इच्छा अनुसारको कुनै पनि प्रकारको माध्यमबाट सवै प्रकारका सूचना एवं विचार खोजी गर्ने, प्राप्त गर्ने तथा प्रवाह कुरालाई समेत सेमट्दछ।

३. यस धाराको अनुच्छेद (२) ले यस अधिकारको अभ्यासका लागि विशेष कर्तव्य तथा जिम्मेवारी उल्लेख गरेको छ। तसर्थ यो कुरा केही निश्चित बन्देज बमोजिम हुनुपर्छ तर उक्त बन्देजहरु कानून बमोजिम एवं आवश्यक हुनु पर्दछ, जस्तै :

क. अरुको अधिकार वा सम्मानका निम्ति,

ख. राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताका निम्ति।

उल्लिखित ग्यारेन्टीहरु अन्तर्राष्ट्रिय मान्यता प्राप्त निकायहरुद्वारा बृहदरुपमा व्याख्या गरिदैं आएका विषयहरु हुन्। ती निकायका व्याख्याहरुलाई विस्तारमा यस उल्लेख गर्न सम्भव छैन तर पनि केही सन्दर्भहरु यहाँ उल्लेख गरिएको छ। प्रथमत: अन्तर्राष्ट्रिय कानुन अनुसार अभिव्यक्ति स्वतन्त्रताको हक पूर्ण अधिकार हो। जव कसैले आफ्नो विचार आफ्नै आवाजमा व्यक्त गर्न सक्दैन भने त्यसलाई ग्रहण गर्न सक्ने अधिकार कायम राखि रहन सम्भव हुँदैन। दोश्रो, "मिडिया" भन्ने शब्द धारा १९ मा एक ठाउँमा मात्र उल्लेख गरिएको छ र अभिव्यक्ति स्वतन्त्रताको लागि सबै प्रकारका माध्यमहरु, जसबाट सूचना एवं विचार प्रवाह गर्न सकिन्छ, को प्रयोग गर्न सकिन्छ, तापनि जस भित्र आम संचार समेत पर्दछ भन्ने कुरा जग जाहेर छ।

तेस्रो, धारा १९ ले अभिव्यक्ति स्वतन्त्रताको महत्वपूर्ण विशेषताहरुको बारेमा स्पष्ट रुपमा थुप्रै कुराहरु समेटेको छ। यसले धेरैलाई मन नपर्न सक्ने अझ भनौ आक्रामक लगायत सबै प्रकारका सूचना एवं विचारहरुको संरक्षण गर्दछ। तसर्थ आईसीसीपीआरको व्याख्या एवं लागु गर्ने जिम्मेवारी बोकेको संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले उल्लेख गरेको छ, "अनुच्छेद २ को कार्यक्षेत्रले .....गम्भीर प्रकृतिका आक्रामक अभिव्यक्तिलाई समेत समेट्दछ..।[४] यसले केवल वक्ताको अधिकार (प्रवाह गर्ने अधिकार) मात्र होईन, सुन्ने र खोजीकर्ताको अधिकार ( खोजी गर्ने तथा प्राप्त गर्ने अधिकार) को पनि संरक्षण गर्दछ। यो कुरा धेरै नै महत्वपूर्ण छ र यसले अधिकारका मुख्य तत्वहरु जस्तै विविध सूचना तथा विचारहरु प्राप्त गर्ने अधिकार (मिडिया बहुलवाद) र सार्वजनिक निकाय समक्ष भएका सूचनामा पहुँचको अधिकार (सूचनाको हक) लाई समेट्दछ।

३ युएन् साधारण सभाको प्रस्ताव नं. २२०० ए (XXI), १६ डिसेम्बर १९६६ मा पारित गरी २३ मार्च १९७६ मा कार्यान्वयनमा आएको।

४ सेप्टेम्बर २०११, संयुक्त राष्ट्र संघको मानवअधिकार कमिटिले सामान्य टिप्पणी नं. ३४ पारित गरी आइसिसिपिआर को धारा १९ को बैधानिक तथा स्पष्ट व्याख्या प्रदान गऱ्यो। हेर्नुहोस्, सामान्य टिप्पणी नं. ३४,१२ सेप्टेम्बर २०११, सिसिपिआर/जीसि/३४, अनुच्छेद ११

मानव अधिकार समितिले यी पछिल्ला कुराहरुलाई विशेषरुपमा मान्यता दिंदै भनेको छ, "धारा १८ को अनुच्छेद २ ले सार्वजनिक निकाय समक्ष रहेका सूचनामा पहुँचको अधिकारलाई आत्मसात गरेको छ।[५] आईसीसीपीआरका अनुसार राज्यहरुले अभिव्यक्ति स्वतन्त्रता उपर अनाधिकृत रुपमा हस्तक्षेप गर्न नहुने मात्र होईन कि सो को सुनिश्चितताको लागि आवश्यक सकारात्मक कदमहरु चाल्नु आवश्यक छ।[६] यो दायित्वको एउटा उदाहरण भनेको सूचनाको हकको कार्यान्वयनको लागि राज्यले कानुन निर्माण गर्नु र लागु गर्नु हो।

चौंथो, अभिव्यक्ति स्वतन्त्रताको हक निरपेक्ष होईन। अन्तर्राष्ट्रिय कानुनले निकै सीमित अवस्थाहरुमा सार्वजनिक तथा नीजि हितहरुको संरक्षणको निमित्त आवश्यक परेको खण्डमा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउन सकिने कुरालाई भने मान्यता दिएको छ। धारा १८(३) ले बन्देजलाई उपयुक्त सीमा भित्र राख्न सकिने कुरा सुनिश्चित होस भनेर त्यस्ता बन्देजहरुको वैधानिकता परीक्षणको लागि स्पष्ट आधारहरु दिएको छ। जुन कुरालाई मानव अधिकार समितिले देहाय बमोजिम उल्लेख गरेको छ :

अनुच्छेद ३ ले स्पष्ट शर्तहरु उल्लेख गरेको छ र ती शर्तहरुको अधीनमा रहेर मात्र बन्देजहरु लागु गर्न सकिन्छ - बन्देजहरु "कानुनद्वारा तोकिए" बमोजिम हुनुपर्दछ, त्यस्तो बन्देज अनुच्छेद ३ को उप-अनुच्छेद (क) र (ख) मा उल्लेख भएका कुनै कुरामा आधारित हुनुपर्दछ र ती कुराहरुले आवश्यकता र अनुपातिक हुनुपर्दछ।[७]

## प्रस्तावित संवैधानिक प्रावधानहरु :

संवैधानिक प्रस्तावहरुको धारा २ (२) (क) ले मौलिक अधिकारहरु अन्तर्गत प्रत्येक नागरिकको अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित गरेको छ। साथै कानुन बनाएर विभिन्न प्रकारका हितहरुलाई खलल गर्न सक्ने कार्यहरु माथि "मनासिव प्रतिवन्ध" लगाउन सकिने प्रावधानहरु समेत उल्लेख गरिएको छ, जुन कार्यहरु देहाय बमोजिम रहेका छन् :

- "नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पुऱ्याउन" सक्ने कार्य
- "संघीय इकाइहरुबीचको सुसम्बन्धमा खलल पुग्ने" कार्य,
- "विभिन्न जात जाती, धर्म र सम्प्रदाय, बीचको सुसम्बन्धमा खलल" पग्ने कार्य,
- "गाली बेइज्जती, अदालतको अवहेलना वा अपराध गर्न दुरुत्साहन गर्ने" कार्य,
- "सार्वजनिक सदाचार र नैतिकताको प्रतिकुल" हुने कार्य।

संवैधानिक प्रस्तावको धारा ४ मा आम संचारको हकका सम्बन्धमा केही विशेष ग्यारेन्टीहरु गरिएको छ। धारा ४(१) ले कुनै छाप्ने तथा प्रसारण गर्ने माध्यमहरु लगायत समग्र मिडियामा प्रकाशित प्रसारित हुने सामग्रीमा पुर्व प्रतिवन्ध नलाईने कुरा उल्लेख गरिएको छ। अभिव्यक्ति स्वतन्त्रकतो मुख्य आधारको रुपमा रहेको धारा २ (२) (क) मा भएको व्यवस्थाले यसलाई हस्तक्षेप गर्न सक्दछ। "गाली बेइज्जती" को सट्टामा यसले "कुनै झुठो कुरा प्रकाशन वा प्रसारण गरी व्यक्तिको समाजिक मर्यादामा आँच पुऱ्याएको" भन्ने विषयलाई समेटेको छ। यसले पनि सेन्सरसीपलाई पुष्टि गर्न सक्ने थुप्रै अन्य कुराहरु जस्तै विप्लव, "सार्वजनिक स्वस्थ्य प्रतिकुल हुन सक्ने" का साथै अछुत तथा जातीय एवं लैगिंक विभेदलाई निरुत्साहित" गर्न सेन्सरसीप लगाउन सकिने कुराहरु लाई पनि समेटेको छ।

धारा ४(२) तथा (३) ले कुनै सामग्री प्रसारण प्रकाशन गरेवापत क्रमश: प्रसारण तथा छापा माध्यमहरु "बन्द, जफत तथा तिनीहरुको दर्ता खारेज" नगरिने व्यवस्था गरेको छ। धारा ४(४) ले कानुन बमोजिम बाहेक कुनै मिडियालाई "अवरुद्ध" नगरिने कुराको व्यवस्था गरेको छ।

संवैधानिक प्रस्तावको धारा १२ ले नागरिकको आफ्नो तथा सार्वजनिक सरोकारको सूचना "माग वा प्राप्त" गर्ने हकको सुनिश्चित गरेको छ। तर यसले कसैलाई पनि "कानुनद्वारा गोप्य राख्नुपर्ने सूचना दिन कर लगाएको मानिने छैन" भन्ने व्यवस्था गरेको छ।

---

५ ऐ. अनुच्छेद १८

६ धारा २(२)को सम्बन्धमा धारा १९

७ सामान्य टिप्पणी नं. ३४, टिपोट नं. ४, अनुच्छेद २२

यी सुनिश्चितताहरु अन्तरिम संविधान २०६३ को क्रमश: धारा १२(३) (क), १५ र २७ तथा २०४७ सालको संविधानको धारा १२(२)(क), १३ र १६ संग मिल्दोजुल्दो प्रकृतिका देखिन्छन् । अघिल्ला व्यवस्था र हाल प्रस्तावित व्यवस्थाको मुलभुत भिन्नता भनेको हाल प्रस्तावित संवैधानिक प्रस्तावहरुले अभिव्यक्ति स्वतन्त्रताको हक उपर लगाईने बन्देश र पूर्व प्रतिवन्धका आधारहरु थप गरेको छ । उक्त प्रावधानहरु बीचको मुख्य भिन्नतालाई तलको तालिकामा स्पष्ट पारिएको छ । (सजिलोको लागि हालको प्रस्तावित व्यवस्थालाई अन्तरिम संविधान २०६३ एवं २०४७ सालको संविधान संग तुलना गरिएको छ।

| विषय | २०६३ | २०४७ | हाल प्रस्तावित |
|---|---|---|---|
| अभिव्यक्ति स्वतन्त्रतामा बन्देज | • सार्वभौमसत्ता वा अखण्डतामा खलल पुऱ्याएमा<br>• विभिन्न जात जाती वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुऱ्याएमा<br>• राजद्रोह, गाली बेइज्जती, अदालतको अवहेलाना वा अपराध गर्न दुरूत्साहन दिने कार्य गरेमा,<br>• सार्वजनिक सदाचार र नैतिकताको प्रतिकुल कार्य गरेमा | • सुसम्बन्ध सम्बन्धी सूचीमा धर्म थप गरिएको<br>• सूचीबाट राजद्रोह हटाईएको | • राष्ट्रियता र स्वतन्त्रता थपिएको<br>• संघीय इकाई बीचको सम्बन्ध थप गरिएको । |
| मिडियाको संरक्षण | • कुनै समाचारमा प्रतिवन्ध नलगाईने ।<br>• कुनै सामग्री (समाचार) छापेवापत कुनै छापा मिडिया बन्द नगरिने ।<br>• कुनै सामग्री (समाचार) छापेवापत प्रत्रिका बन्द नगरिने । | • निषेधको व्यवस्था प्रसारण माध्यमहरूलाई पनि लागु हुने ।<br>• छाप्न, प्रसारण गर्न तथा टेलिफोनमा रोकतोक | • पुर्व प्रतिवन्ध लाई समेटिएको (प्रतिवन्ध मात्रैको विरोध गरिएकोमा)<br>• संविधानमा उक्त धारामा भएको व्यवस्थाको उल्लङ्घन भएमा कानुन बमोजिम दण्डनीय हुने कुरा थपिएको । |
| प्रतिवन्धका लागि आधार | • माथि उल्लेख गरिएकै आधारहरू | • २०४७ सालको संविधानले गरेको बन्देजहरू जस्तै (जस्तै अभिव्यक्ति स्वतन्त्रतामा भएको परिवर्तन यसमा समावेश नगरिएको) | • राष्ट्रियता र संघीय इकाईहरू बीचको सम्बन्ध थप गरिएको ।<br>• गाली बेइज्जतीको स्थानमा झुठा सामग्रीका कारण सामाजिक मर्यादामा आँच पुगेको कुरा राखिएको ।<br>• राजद्रोहको ठाउमा राज्यद्रोह राखिएको ।<br>• सार्वजनि स्वास्थ्य, छुवाछुत तथा जातीय एवं लैगिक भेदभाव थपिएको । |
| सूचनाको हक | • नागरिकलाई सार्वजनिक महत्वको कुनैपनि विषयको सूचना माग्ने र पाउने हक हुने तर कानुनले गोप्य राख्नु भनेके कुरा बाहेक | • नागरिक स्वंयमको सरोकारको सूचनालाई समेत समेटिएको । | • २०६३ सालकै जस्तै प्रावधान । |

## प्रस्तावित संवैधानिक व्ययस्था र अन्तर्राष्ट्रिय कानुनको मुल्याङ्कन :

*सकारात्मक नियमहरु*

यस अघिका संवैधानिक व्यवस्थाहरु जस्तै प्रस्तावित संवैधानिक व्यवस्था पनि विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिता गर्नमा धेरै दृष्टिकोणबाट अन्तर्राष्ट्रिय कानुनको नजरमा असाध्यै सीमित रहेको छ। प्रथमत, पहिलेका पनि केवल नागरिकका लागि मात्र लागु हुन्थे, सवैका लागि थिएन। यस प्रकारको सीमा कुनै देशको लागि दुर्भाग्य हो र शायद धेरै संख्यामा गैर नागरिकहरु रहेको जसमा कोही राज्य विहीन छन् र ती मध्ये कति त नेपालमा सक्रियरुपमा बसोबास गरिहेका छन् यस्तो सन्दर्भमा खासगरी नेपालको हकमा त्यो दुभाग्य हो। दोश्रो, संवैधानिक प्रस्तावले विचारको पूर्ण संरक्षण गर्दैन।
तेस्रो, धारा १८ ले स्पष्टरुपमा व्यवस्था गरेको सीमारहित रुपमा लागु हुने सूचना तथा विचारको खोजी गर्ने प्राप्त गर्ने र प्रवाह गर्ने सम्बन्धी अधिकारजस्ता मुलभुत विषयहरुलाई संवैधानिक प्रस्तावले विस्तारित रुपमा सवै तहमा समेट्न सकेको छैन। त्यस्तै संवैधानिक प्रस्तावमा समेटिएका कतिपय कुराहरु त्यो हदसम्म स्वीकृत पनि छैनन्। यसको नकारात्मक असर के हुन सक्दछन भने सविधानले स्पष्टरुपमा समेटेका मिडियाको अधिकार र सूचनाको हक सम्बन्धी स्पष्ट व्यवस्थालाई आंशिकरुपमा कम गरिदिन सक्दछ।

संवैधानिक प्रस्तावहरुपमा गरिएको मिडियाको विशेष संरक्षण आईसीसीपीआरको धारा १८ मा भएको स्पष्ट भाषा भन्दा पनि थप छन् त्यो हदसम्म यो स्वागतयोग्य छ। यो अनुमान गरिएको छ कि “पूर्व प्रतिवन्ध” भन्ने शव्द को साधारण भाषामा अर्थ लगाईनु पर्दछ अर्थात अर्को शब्दमा भन्दा यसले प्रवाह हुन लागेका विवरणहरु लाई अधिकारीहरुले पहिले नै निषेध गर्न सक्ने जनाउ दिन सक्दछन्।

संवैधानिक प्रस्तावको धारा ४(४)मा भएको “अवरुद्ध” भन्ने शब्दलाई अँग्रेजीमा अनुवाद गर्दा कम्तीमा प्रतिवन्ध भन्दा केही हदसम्म बाहिर छ भन्ने कुरा महत्वपूर्ण छ। अर्कोतर्फ यो प्रावधानलाई विश्लेषण गर्दा “स्वेच्छारी वा एकाधिकारी तरिका” भनी रहँदा कानुनद्वारा व्यवस्था गरिए बमोजिम “अवरुद्ध” गर्न अनुमति दिईएको छ।

सूचनाको हक सम्बन्धी संवैधानिक प्रस्ताव अनौचित्यपूर्ण ढंगले सीमित रहेको छ। प्रथमत, अन्तर्राष्ट्रिय कानुन अनुसार अन्य सामान्य अभिव्यक्ति स्वतन्त्रताको हक जस्तै नागरिकले मात्र होईन सबैले यो अधिकारको उपयोग गर्न पाउँदछन्। दोश्रो, अन्तर्राष्ट्रिय कानुन अनुसार यो अधिकार सबै सूचनाको हकमा लागु हुन्छ केवल नागरिक संग वा सार्वजनिक सरोकार भएको सूचनाको सन्दर्भमा मात्र होईन। जो कसैले पनि विवेकशीलरुपमा अनुमान गर्न सक्दछ कि कसैले कुनै सूचना खोजी रहेको छ भने उक्त सूचनासंग सम्बन्धित हुनुपर्दछ। तर महत्वपूर्ण व्याख्या गर्न सक्दछन् जस्तै उनीहरुलाई कुनै सूचना कुनै नागरिकको वा सार्वजनिक सरोकारको नलाग्न सक्छ र सूचना दिन इन्कार गर्न सक्दछन्। जव यो सरलरुपमा सबै सूचनाको हकमा लागु गर्न निर्विवाद हुन्छ भने संवैधानिक प्रावधानहरुमा यस प्रकारको व्याख्यात्मक जोखिमको व्यवस्था समावेश गर्नु आवश्यक नै छैन।

अर्को सन्दर्भमा संवैधानिक प्रस्तावहरु अलि व्यापक नै हुन भन्न सकिन्छ। अन्तर्राष्ट्रिय कानुन अनुसार र सूचनाको हक सम्बन्धी कानुन लागु गर्ने विश्वका धेरै जसो देशहरु लगभग ८० भन्दा बढी मुलुकहरुले सार्वजनिक निकायसँग भएका सूचनाको हकमा मात्र सूचनाको अधिकारको प्रावधान लागु गरेका छन्। तर यहाँ संवैधानिक प्रस्तावले चाहे जो सुकैसँग होस आफुसँग सरोकार भएको सूचना सम्मको पहुँचलाई समेट्न खोजेको छ। यो समस्याजन्य हुन सक्दछ उदाहरणको लागि यदि कुनै नागरिक कानुनले गोप्य भनी अन्यथा नतोकेको र निजी निकायसंग रहेको सूचनाको पहुँचको दावी गर्दछ भन्ने हुन सक्दछ। यस प्रावधानको बारेमा गरिएको विवेचनाले “मुलत: राज्यका संयन्त्रहरु समक्ष भएका सूचना” लाई दर्शाउन खोजेको सत्य हो तर यो सीमा उक्त प्रावधानको साधारण भाषामा पाइँदैनन्।

*बन्देजहरु*

यी केही सकारात्मक कुराहरु भन्दा खासगरी संवैधानिक प्रस्तावले यी अधिकारहरुमा अन्तर्राष्ट्रिय कानुनले अनुमति प्रदान गरेको भन्दा बढी ठुला बन्देज लगाएको छ भनेर बुझ्नु धेरै महत्वपूर्ण छ। धेरै जसो ठाउँमा २०४७ सालको र २०६३ सालको संविधानमा समेत समस्याहरु थिए भने माथि उल्लेख गरिए जस्तै हाल प्रस्तावित व्यवस्थाले बन्देज लगाउने थप संवैधानिक प्रस्तावहरु थप गरेको छ।

अन्तर्राष्ट्रिय कानुनमा अभिव्यक्ति स्वतन्त्रता उपरको बन्देज जाँच गर्ने तीन खण्डे परीक्षण विधी रहेको छ, ती हुन् क) कानुनद्वारा तोकिए बमोजिम, ख) धारा १९(३) मा उल्लेखित हितहरु मध्ये कुनै एउटाको संरक्षण, र ग) त्यस्तो हितको संरक्षणको आवश्यकता। संवैधानिक प्रस्तावले परिकल्पना गरेको बन्देजले यी परीक्षण विधिको पहिलो खण्डको मापदण्ड पुरा गर्दछ किनकि कानुनले तोकेको बन्देजहरु मात्र लगाउन पाईनेछ।

अन्तर्राष्ट्रिय कानुन र संवैधानिक प्रस्तावको बीचको महत्वपूर्ण भिन्नताको क्षेत्र भनेको बन्देज लगाउने आधारहरु हुन्। अन्तर्राष्ट्रिय कानुन अनुसार राष्ट्रिय सुरक्षाको संरक्षणको लागि आवश्यक छ भने मात्र अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाउन सकिन्छ। संवैधानिक प्रस्तावले यसको सट्टा मुख्यत "राष्ट्रियता, सावभौमसत्ता, स्वाधीनता र अखण्डता"उल्लेख गरेको छ। यस सन्दर्भमा "राष्ट्रियता" को अर्थ के हो भन्ने कुनै स्पष्टता छैन तर कसरी राष्ट्रियतामा असर पुग्न सक्दछ र यस प्रकारको "हित" संरक्षणको लागि खासमा कस्तो प्रकारको वन्देज लगाउनु उचित हुन्छ भनी छुट्ट्याउन गाह्रो छ। जव सम्म हिंसाको लागि अरुलाई दुरुत्साहन गर्दैन (वा घृणा वा विभेद) त्यतिवेला सम्म राष्ट्रियता बारेको विवाद र राष्ट्रियता सम्बन्धी विद्यमान नियमको आलोचना संरक्षित अभिव्यक्तिको क्षेत्र भित्र पर्दछ भनी भन्नु पर्ने हुन्छ।

"सार्वभौमसत्ता" र "स्वाधिनता" भन्ने शव्द राष्ट्रिय सुरक्षाको अवधारणा भित्र पर्न सक्दछ भनी मान्न सकिन्छ। "अखण्डता" को लागि भने यो कम उपयुक्त हुन्छ। अन्तर्राष्ट्रिय कानुन अनुसार जव सम्म त्यसले हिंसाको रुपलिने तर्फ जाँदैन तव सम्म छुट्टिने पक्षमा वकालत गर्नुलाई वैधानिक मानिन्छ। उदाहरणको लागि मानव अधिकार सम्बन्धी युरोपेली अदालतले कुर्दहरुलाई "विखण्डनवादी प्रचार प्रसार" गरेको आरोपको सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रताको सम्मान नगरी टर्किले आफ्नो दायित्व उल्लघंन गरेको भनी बारम्बार भन्दै आईरहेको छ। यस सम्बन्धमा अदालतको देहायको भनाई उल्लेखनीय रहेको छ:

> अन्य कुराका अतिरिक्त अदालतले जानकारीमा लिएको छ कि पुस्तकमा तुर्किस मुलको जनताको यति धेरै नकारात्मक चित्रण गरिएका अनुच्छेदहरु छन् जुन खासगरी साह्रै छुद्र छन् र त्यसमा असाध्यै अमैत्रीपूर्ण सन्देश दिईएको छ तापनि यसले हिंसा, सशस्त्र प्रतिकार वा विद्रोहको निम्ति दुरुत्साहन गरेको छैन अदालतको विचारमा त्यसकारण यसलाई स्वीकार गनुपर्दछ।[८]

माथिको भनाईको अर्थ यो हो कि साँच्चिकै अपराध वा हिंसा भड्किने अवस्थामा पुगेको छ भने पनि राज्यले व्यापक धैर्यता देखाउनु पर्दछ।[९] साथै त्यस्ता अभिव्यक्तिहरु माथि बन्देज लगाउँदा विखण्डनको भावनलाई नियन्त्रण गर्नुभन्दा अझ त्यसले आगोमा घिउ थप्ने कार्यको रुपमा बढ्ने गरेको अन्य देशहरुको अनुभवले पनि देखाउँदछ। यसलाई फरक तरिकले हेर्दा के देखिन्छ भने त्यस्तो विखण्डनलाई सहयोग पुग्ने किसिमका अभिव्यक्ति व्यक्त गर्न दिनु पर्दछ र उनीहरुको भनाईलाई अपराधीकरण गर्नु र भुमिगत हुने तर्फ धकेल्नु भन्दा उनीहरुलाई खुला वातावरणमा, प्रजातान्त्रिक आचरण गर्न नै दिनु पर्दछ। नेपालको इतिहास स्वयंले यो कुरा देखाएको छ।

अन्तर्राष्ट्रिय कानुनले अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाउन अनुमति दिंदैन जसको उद्देश्य नै "संघीय इकाइहरु बीचको सुसम्बन्ध" लाई प्रवर्द्धन गर्नु हो। संघीय इकाइका विभिन्न भागहरुमा तनाव अपरीहार्य छ र यो उनीहरु बीच आपसमा हुने एका प्रकारको अन्तर्क्रियाको एक हिस्सा हो। निश्चय नै राज्यहरु बीच सदा सुसम्बन्ध कायम राख्न सफल संघीय संरचनाको परिकल्पना गर्न निकै कठीन छ। यस प्रकारको भनाई मुलत: राजनीतिक भनाई हो जुन कुरालाई लोकतन्त्रको मुलको रुपमा लिईन्छ र जसले अन्तर्राष्ट्रिय कानुनको उच्च संरक्षणको फाईदा प्राप्त गर्दछ। विखण्डनकारी प्रवृत्तिको अवस्थामा संघीय इकाइहरु बीचको तनावको हल गर्ने उत्तम उपाय भनेको उनीहरुको बीचमा खुलेर छलफल गर्ने हो र उनीहरुलाई प्रतिवन्ध लगाउने तर्फ प्रयास गरियो भने त्यसले लगभग दुर्भाग्यपुर्ण परिणाम तर्फ अवश्य लैजान्छ।

अन्तर्राष्ट्रिय कानुनले देहाय बमोजिम "घृणा अभिव्यक्ति" मा रोक लगाउने व्यवस्था गरेको छ :

---

८ आरसुलन विरुद्ध टर्की, ८ जुलाई १९९९, निवेदन नं. २३४६२/९४, अनुच्छेद ४८

९ मानवअधिकार सम्बन्धी युरोपेली अदालतको फैसला नेपालमा बाध्यात्मक हुँदैन तर यी फैसलाहरुले आइसिसिपिआर को धारा १९ को प्रवाधानको औपचारिक तथा वैधानिक व्याख्या उपलब्ध गराउँदछन् जसले अभिव्यक्ति स्वतन्त्राको दायराको बारेमा प्रष्ट पार्दछ जसको पालना गर्नु नेपालको दायित्व छ।

> कुनै पनि प्रकारको राष्ट्रिय, जातीय वा धार्मिक प्रकृतिको वकालत जसले विभेद, विद्रोह वा हिंसालाई दुरुत्साहन गर्ने गरी घृणा गर्ने कुरालाई कानुन बमोजिम रोक लगाउन सकिनेछ। (आईसीसीपीआरको धारा २० (२)।

यस धाराको उद्देश्य भनेको मुख्यत: पछाडी पारिएका समूहको समानताको संरक्षण गर्नु र केही हदसम्म सार्वजनिक सदाचार कायम राख्नु हो। अन्तर्राष्ट्रिय अदालतहरुले यो प्रावधानको मापदण्डभन्दा बाहिर गएर अभिव्यक्तिमा रोक लगाउन सकिने अत्यन्तै कम अवस्था रहेको कुरा स्पष्ट गरेका छन्। संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले “जातीय, धार्मिक वा राष्ट्रिय समूहको विरुद्ध दुरुत्साहन गर्ने खालका कुरालाई समेटिएको स्पष्ट कानूनी व्यवस्थाको पालना नगरिएको” सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रतामा केही बन्देज लगाउनु वैध हुन्छ भनी स्वीकार गरेको छ।[१०] दुरुत्साहनको लागि आवश्यक पर्ने आधारको सम्बन्धमा समितिले महत्व दिएको कुरालाई हामीले यहाँ हेर्‍यौं।

यसकारण अन्तर्राष्ट्रिय कानुन अनुसार “सुसम्बन्धमा खलल पार्नसक्ने” अभिव्यक्तिलाई जव सम्म त्यसले दुरुत्साहन गरेको हुँदैन तवसम्म बन्देज लगाउन सकिदैंन भन्ने स्पष्ट छ। दुरुत्साहनको अवस्था भन्दा बाहिरको घृणालाई समेटिएका कानुनहरुको एउटा समस्या के हुन सक्दछ भने कुनै जटिल विषय र खासगरी जातीयताको गम्भीर विषयमा गरिने सार्वजनिक बहसमा रोक लगाउन पनि यसको प्रयोग हुन सक्दछ। जातीय समस्याका बारेमा वा कुनै समुदाय विरुद्ध भएको विभेदका बारेमा स्पष्ट छलफल गर्दा समेत सुसम्बन्धमा खलल पुग्न सक्ने डर रहिरहन्छ जुन कुरामा अझै छलफल गर्नु आवश्यक हुन्छ। यस प्रकारको नियमको अर्को समयस्या यो नियम राजनीतिक कारणका लागि दुरुपयोग हुन सक्दछ। पुन: एकपटक टर्कीको उदाहरण उपयुक्त हुन्छ, धेरै अवस्थामा राष्ट्रियता सम्बन्धी सामग्रीहरु वितरण गरेको आरोपमा घृणायोग्य अभिव्यक्ति सम्बन्धी कानुन बमोजिम कुर्दहरुलाई दोषी ठहराईयो। जव उक्त सवाल मानव अधिकार सम्बन्धी युरोपेली अदालतमा पुग्यो तथा टर्कीले यस सम्बन्धमा अभिव्यक्ति स्वतन्त्रताको सम्मान सम्बन्धी आफ्नो दायित्व उल्लघंन गरेको पाईयो।[११]

अन्तरिम संविधानका अनुसार अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाउन सकिने तीन वटा आधारहरु रहेका छन् जुन गाली बेइज्जती, अदालतको अवहेलना र अपराधको दुरुत्साहन हुन। यी कुराहरुले खासमा वैध स्वार्थको संरक्षण गर्दैनन् तर कानुनको प्रकार हुन्। उदाहरणको लागि गाली बेइज्जती सम्बन्धी कानुन बमोजिम संरक्षित हित भनेको अरुको मर्यादाको रक्षा गर्नु हो जवकि अदालतको अवहेलना र अपराधको दुरुत्साहन सम्बन्धी कानुनहरु सार्वजनिक मर्यादा कायम राख्न र केही हदसम्म अरुको अधिकारको संरक्षणको लागि बनाईएका हुन्। यस प्रकारका कानुनहरु राखिंदाको खतरा के हो भने ती कानुनहरु आफैंमा बैध हुन् र खासमा तिनीहरुको विश्लेषण गर्दा तिनीहरुले अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाईएका संवैधानिक मापदण्ड पुरा गर्छन कि गर्दैनन् भनेर हेरिन्छ। त्यसकारण कुनै भनाईले नेपालको गाली बेइज्जती कानुनको उल्लघंन हुन सक्दछ र यदि ती कानुनहरु निकै फराकिलो गरी बनाईएको छ भने पनि अन्तर्राष्ट्रिय कानुन अनुसार संरक्षित हुन अझै बाँकी हुन सक्दछ। त्यसैले कुनै भनाईले गाली बेइज्जतीको कुनै कार्य लाई समेटेको रहेछ भने पनि अन्तरिम संबिधान अन्तर्गतको संरक्षणको अभाव हुन सक्दछ। यस समस्याका सम्बन्धमा नेपालका अदालतहरुले व्याख्यात्मक बाटो अंगालीरहेका छन् भन्ने सत्य हो तर पनि निर्माण कार्य अझै दुर्भाग्यपूर्ण रहेको छ।

अन्तर्राष्ट्रिय कानुनमा अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाउन सकिने एउटा आधारको रुपमा “सार्वजनिक सदाचार” लाई स्पष्टरुपमा उल्लेख गरिएको छ। तरपनि संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले यसको साँघुरो व्याख्या हुनुपर्दछ भनी स्पष्ट रुपमा उल्लेख गरेको छ। यो उदाहरणले स्पष्ट गर्दछ:

> नैतिकताको अवधारणा धेरै सामाजिक, दार्शनिक तथा धार्मिक परम्पराबाट आएको हो परिणामत: नैतिकताको संरक्षणको सीमा ..... कुनै एउटामात्र परम्पराबाट उत्पत्ति नभएको सिद्धान्तहरुमा आधारित हुनुपर्दछ। त्यस्ता कुनै पनि सीमाहरुलाई मानव अधिकारको विश्वव्यापकता र भेदभाव रहित सिद्धान्तहरुमा आधारित भएर बुझिनु पर्दछ। (सन्दर्भ हटाईएको)।[१२]

संयुक्त राष्ट्रसंघ मानव अधिकार समितिले परिभाषित गरे अनुसार सार्वजनिक सदाचार भन्दा “सार्वजनिक शिष्टाचार” भन्ने

१० फ्युरिसन बिरुद्ध प्रान्स, ८ नोभेम्बर १९८६, सञ्चार नं. ५५०/१९९३, इभाट र क्रेजमेर को व्यक्तिगत धारण अनुच्छेद नं. ४

११ उदाहरणको लागि इन्काल बिरुद्ध टर्की निवेदन नं. २२६७८/९३, ९ जुन १९९८ हेर्नुहोस्

१२ सामान्य टिप्पणी नं. ३४, टिपोट नं. ४, अनुच्छेद ३

शव्दको अवधारण अझ व्यापक रहेको छ। सार्वजनिक मर्यादाको क्षेत्र भन्दा बाहिर गएर सार्वजनिक हित संरक्षण गर्ने उद्देश्य भएको अभिव्यक्ति स्वतन्त्रताको हकमा वन्देज लगाईने कुरा अन्तर्राष्ट्रिय कानुन बमोजिम हुन्छ भन्न सकिदैन।

बन्देज सम्बन्धी आधारहरु बारेको यी सरोकारहरु सवै ठाउमा र पूर्व प्रतिवन्धको सन्दर्भमा (तापनि यससम्बन्धमा केही मुलभुत चासो रहेकोछ, हेर्नुहोस तल) पनि बराबरी लागु हुन्छन्। पूर्व प्रतिवन्धको औचित्य पुष्टि गर्न "स्वाधीनता" समावेश गरिएको छैन र "गाली बेइज्जती" को सट्टमा "झुटा सामग्रीका कारण सामाजिक मर्यादामा आँच पुग्न गएमा" भनी राखिएका यी दुई कुराहरु फरक रहेका छन्। पछिल्लो कुराले कानुनको प्रकारको भन्दा पनि हितलाई बढी व्याख्या गरेको छ, जुन कुरा "सम्मान" सँग मिल्दोजुल्दो छ जसलाई अन्तर्राष्ट्रिय कानुनले पनि बन्देजको आधारको रुपमा मान्यता दिएको छ।

त्यसैगरी अभिव्यक्ति स्वतन्त्रता उपरको बन्देजको आधार पुष्टि गर्ने भन्दा पूर्व प्रतिवन्धको औचित्य पुष्टि गर्ने आधारहरु बढी फराकिला रहेका छन्, जस्तै यसमा "राज्यद्रोह" तथा सार्वजनिक स्वास्थ्यको संरक्षण तथा छुवाछुत, जातीय एवं लैगिंक विभेद जस्ता कुराहरु समेटिएका छन्। राज्यद्रोह लाई ऐतिहासिकरुपमा नै अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने आधारको रुपमा दुरुपयोग गरिएको पाईन्छ। यो शव्दको प्रायश: अनौचित्यपुर्ण तरिकाले वृहत व्याख्या गर्न सम्भावना हुन्छ जसलाई पहिले नै सार्वभौमसत्ताको मान्यता भित्र राखिसकिएको छ, र केही हदसम्म यो वैध छ। अर्कोतर्फ सार्वजनिक स्वास्थ्य र विभिन्न प्रकारका विभेदहरु अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाउने आधार अर्न्तगत पर्दछन र यी कुराहरु अन्तर्राष्ट्रिय कानुनमा पनि पाईन्छ।

सूचनाको हकमा बन्देज लगाउने अवधारणा केही समस्यामुलक छ। संवैधानिक प्रस्ताव अनुसार यो अधिकार "कानुनद्वारा गोप्य राख्नु पर्ने कुनै कुरा" भन्दा परसम्म जान सक्दैन। यसले कानुनमा लेखिएसम्मका अधिकारलाई सीमित गर्न सक्ने कुनै पनि आधारलाई स्पष्टरुपमा मान्यता दिएको छ। संवैधानिक प्रस्तावहरुको टिप्पणीमा सूचनाको हकको बन्देज लगाउन सकिने आधारहरुको बारेमा विभिन्न कुराहरु उल्लेख गरिएका छन् जसमा "राष्ट्रिय सुरक्षा, व्यक्तिको गोपनीयता, व्यपार तथा मौद्रिक गोप्यता, अपराध अनुसन्धान, प्रक्रियामा नै रहेको अपरिपक्व सूचना तथा राष्ट्रिय महत्वका अन्य सूचनाहरु कानुन बमोजिम गोप्य राख्न सकिने" उल्लेख छ। मुल संवैधानिक प्रस्तावमा यी कुराहरु भन्दा बाहिर गएर बन्देज लगाउन सकिने कुनै कुरा छैनन तापनि कुनै पनि सन्दर्भमा यी शव्दहरुले व्यापक अर्थ राख्दछ।

अन्तर्राष्ट्रिय कानुनमा अभिव्यक्ति स्वतन्त्रताको बन्देजको लागि जुन आधार लागु गरिन्छ सूचनाको हकको लागि पनि सोही आधार अपनाईन्छ। संवैधानिक प्रस्तावमा अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाउन सकिने कुरामा जुन प्रकार सीमाहरु तोकिएका छन् त्यसैगरी सूचनाको हक सम्बन्धी विषयमा किन नतोकिएको भन्ने कुनै स्पष्ट छैन।

## हानिको मापदण्ड

बन्देजको औचित्य पुष्टि गर्नको लागि आवश्यक पर्ने हानीको मापदण्ड सम्बन्धमा अन्तर्राष्ट्रिय कानुन र संवैधानिक प्रस्तावहरुका बीच पनि महत्वपुर्ण भिन्नताहरु रहेका छन्। अन्तर्राष्ट्रिय कानुन अनुसार उच्च मापदण्डको लागु गरिएको भनी व्याख्या गरिएका आवश्यक वन्देजहरु लगाउन सकिन्छ। आवश्यक आधारहरु अन्तर्गत बन्देजहरु स्पष्ट र साँघुरोरुपमा परिभाषित, सामाजिक आवश्यक पुरा गर्ने, वैध स्वार्थहरु पुरा गर्नको लागि कम हानीयोग्य उपायहरु समावेश भएको, बढी फराकिला नभएको र अनुपातिक लगायत धेरै तत्वहरु समाहित गरिएका हुन्छन्।

सामान्यत: अभिव्यक्ति स्वतन्त्रता तथा अर्को तर्फ पूर्व प्रतिवन्ध दुवै अवस्थमा वन्देजको परीक्षण "औचित्यपूर्ण बन्देज लागु गर्ने" कुरा समाहित भएको कानुनद्वारा आवश्यक हुनुपर्दछ। यी शव्दहरुको अर्थ फरक फरक हुन्छ र विभिन्न क्षेत्राधिकारमा यिनीहरुको प्रयोग गरिन्छ त्यसैले प्रायश: उस्तै प्रकाका आधारहरुलाई अन्तर्राष्ट्रिय कानुन बमोजिम "आवश्यकता" को रुपमा समावेश गरिनु पर्दछ।

सबभन्दा धेरै समस्या यी अधिकारहरु उपर बन्देज लगाईदा लिईने आधारहरुको व्याख्यामा रहेको छ, जहाँ धेरै जसो स्थानामा "होच्याउन सक्ने", "खलल पार्न सक्ने", "हानी पुऱ्याउन सक्ने", "प्रतिकुल हुन सक्ने" वा "हतोत्साही" जस्ता विषयगत शव्दहरु प्रयोग गरिएका छन्। व्यवहारमा नेपाली अदालतहरुले यी न्युन मापदण्डहरुलाई लत्याउँदै आएका छन् तर ती कुरा संवैधानिक प्रत्याभुतिको रुपमा आउनु दुर्भाग्यपूर्ण रहेको छ।

पूर्व प्रतिवन्धका सवालले विशेष भनाईहरु समावेश गरेको छ। स्थापित प्रजातन्त्रमा मिडियामा कुनै पूर्व प्रतिवन्ध लगाईनु हुँदैन भन्ने कुरा स्थापित विषय हो। अन्तर्राष्ट्रिय कानुनले कुनै पनि प्रकारको पूर्व प्रतिवन्धलाई ठुलो शंकाको रुपमा हेर्दछ।

मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धिले वालबालिकाको संरक्षण बाहेक सबै प्रकारको पुर्व वन्देजलाई मान्यता दिएको छैन ।[१३] अव्जरभर एवं गार्जिएन वि. संयुक्त अधिराज्यको मुद्दामा मानव अधिकार सम्बन्धी युरोपेली अदालतले भनेको छ :

> पूर्व बन्देजमा रहेका अन्तरनिहित खतराहरुलाई अदालतको तर्फबाट बढी होशियारीपुर्वक जाँच गरिनु पर्दछ ।[१४]

आफ्नो सन्दर्भमा, संयुक्त राष्ट्र संघ मानव अधिकार समितिले मिडियाको विशेष सन्दर्भमा भनेको छ :

> समाजमा विचार तथा अभिव्यक्तिको स्वतन्त्रताएवं अभिसन्धिले उल्लेख गरेका अन्य अधिकारहरु .... को उपभोगको लागि स्वतन्त्र, पूर्व प्रतिवन्धरहित, कुनै व्यवधान रहित मिडिया आवश्यक छ। यसको अर्थ स्वतन्त्र प्रेस तथा अन्य मिडियाले पूर्व प्रतिवन्ध विना सार्वजनिक सवालमा टिप्पणी गर्न सक्दछन् र सार्वजनिक विचार दिन सक्दछन् ।[१५]

त्यसकारण संवैधानिक प्रस्तावहरुले केही विषयहरुका सवालमा मिडियामा पूर्व प्रतिवन्धको परिकल्पना मात्र गरेको छैन त्यसले खासमा यी कुराहरुको औचित्य पुष्टि गर्न नरम परीक्षणलाई पनि समावेश गरको छ जुनकुरा अभिव्यक्ति स्वतन्त्रताको हकमा “सामान्य” वन्देज थिए ।

पुन: एक पटक सूचनाको हकको सम्बन्धमा लागु हुने मापदण्डहरु धेरै नै समस्यामुलक रहेका छन् । वन्देजका आधारहरु सहित यो अधिकारलाई सीमित गर्नका लागि बनाईने कानुनको लागि आवश्यक मापदण्ड तोक्नमा समेत संवैधानिक प्रस्ताव असफल भएको छ । साराँशमा कानुनमा व्यवस्था भए बमोजिम हुने गरी सूचनाको हक उपर कुनै पनि बन्देज लगाउन सकिने अवस्था यसमा रहको छ । प्रयुक्त भाषाले व्याख्याको अवस्था सिर्जना गरेको छ र “गोप्य राख्न सकिने” भन्ने वाक्याशले सो कार्य किन गर्ने भन्ने आधार नदिएपनि गोप्यता काम राख्न सकिने रहेछ भन्ने अनुमान लगाउत सकिन्छ । माथि उल्लेख गरिए अनुसार अन्तर्राष्ट्रिय कानुनमा सूचनाको हकको सन्दर्भमा पनि सीमित हितको रक्षाको प्रयोजनको लागि आवश्यकताको परीक्षणको मापदण्ड नै लागु गरिन्छ ।

## सुझावहरु

माथि उल्लेख गरिएका सरोकारलाई सम्बोधन गर्नका लागि हामी देहाय बमोजिमको सुझावहरु पेश गरिएको छ:

- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक सबैको लागि लागु हुनु पर्दछ, केवल नागरिकका लागि मात्र होईन ।
- विचारको अधिकार पूर्ण हुनुपर्दछ ।
- सूचनाका हक अन्तर्गत आफुसंग सरोकार राख्ने मात्र होईन सबै सूचनालाई समावेश गर्नुपर्दछ ।
- सूचनाको हकको व्यवस्था सबै निकायसंग भएका केही सूचनामा मात्र होईन सार्वजनिक निकाय समक्ष रहेको सबै सूचनाको सन्दर्भमा लागु हुन्छ भन्ने कुराको संवैधानिक सुनिश्चिता हुनु आवश्यक छ ।
- “राष्ट्रियता”, “अखण्डता”, संघीय इकाई बीचको सुसम्बन्ध” र “सार्वजनिक शिष्टाचार” जस्ता अभिव्यक्ति स्वतन्त्रता उपर बन्देज लगाईने आधारहरु हटाईनु पर्दछ ।
- “दुरुत्साहन” लाई आधार मानिने कुराको सन्दर्भहरु तथा भेदभाव, विद्रोह वा हिंसा जस्ता नकारात्मक परिणामहरु र विभिन्न समूह बीचको सुसम्बन्धको संरक्षणको सन्दर्भहरु थप गर्ने तर्फ ध्यान दिनु पर्दछ ।
- कानुनका प्रकारहरु जस्तै गाली बेइज्जती, अदालतको अवहेलना एवं अपराधको दुरुत्साहन जस्ता कुराहरु त्यस्तै हित वा स्वार्थका प्रकार जस्तै “मर्यादा”, “न्यायालयको स्वतन्त्रता र अधिकार” तथा सार्वजनिन व्यवस्था जस्ता कुराहरु स्वाधीनता हटाउने तर्फ ध्यान दिनु पर्दछ ।

---

१३ २२ नोभेम्बर १९६९ मा पारित भै १८ जुलाई १९७८ मा कार्यान्वयनमा आएको ओ ए एस् सन्धी संग्रह नं. ३६, ११४४ यु एन् टि एस् १२३, धारा १३ (२)

१४ २६ नोभेम्बर १९९१, निवेदन नं. १३५८५/८८, अनुच्छेद ६०

१५ सामान्य टिप्पणी नं. ३४, टिपोट नं. ४, अनुच्छेद १३

- संवैधानिक प्रस्तावले अंगीकार गरेका कमजोर मापदण्डहरु जस्तै “होच्याउन सक्ने” कुराहरुलाई स्तरीय मापदण्डहरु जस्तै “होच्याउने सम्भावना देखिएको” जस्ता शव्दहरु उल्लेख गरिनु पर्दछ ।
- मिडियामाथिको सबै प्रकारका पूर्व प्रतिवन्धलाई रोक लगाउने तर्फ ध्यान दिनु पर्ने ।
- अभिव्यक्ति स्वतन्त्रताको समान्य वन्देजको परीक्षणकै नमूना बमोजिम हुने गरीसूचनाको हक उपरको वन्देजका सम्बन्धमा पनि संविधानले नै केही सीमाहरुको व्यवस्था गर्नुपर्दछ ।

उल्लिखित सुझावहरु तथा विश्लेषण समावेश गरिएका टिप्पणीको आधारमा अभिव्यक्ति स्वतन्त्रता, मिडिया स्वतन्त्रता तथा सूचनाको हकको सम्बन्धी गरिनुपर्ने सम्भावित संवैधानिक प्रस्तावहरु देहाय बमोजिम सुझाव गरिएको छ :

### २. स्वतन्त्रताको हक:

(२) सबैलाई देहाय अनुसारको स्वतन्त्रता हुनेछः
(क) विचार तथा अभिव्यक्तिको स्वतन्त्रता जस अन्तर्गत सो कुराको खोजी गर्ने प्राप्त गर्ने र सुचना तथा विचारहरु जुनसुकै माध्यमबाट प्रवाह गर्ने अधिकार समेत पर्दछ,

तर, खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौसत्ता तथा स्वाधिनतामा खलल पुग्न सक्ने सम्भावना भएको कुनै स्पष्ट गतिविधि वा जात, जाती धर्म वा सम्प्रदायका जनताको विरुद्धमा घृणा, भेदभाव वा हिसां गर्न दुरुत्साहन गर्ने कार्य वा अरुको मर्यादा, न्यायालयको स्वतन्त्रता वा अधिकार, सार्वजनिक व्यवस्था वा सार्वजनिक सदाचारमा असर पार्ने कार्यलाई रोक लगाउने गरी कानुन बनाउन वाधा पुऱ्याएको मानिने छैन ।

### ४. आम संचार सम्बन्धी हक:

१) कुनै विद्युतीय प्रकाशन प्रसारण वा प्रेस लगायत कुनै पनि प्रकाशन, प्रसारण वा सूचना प्रवाह गर्ने वा छपाईको माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, फिचर वा कुनै पाठ्य, श्रव्य दृश्य सामग्री प्रसारण गर्न, प्रवाह गर्न वा छाप्नमा पूर्व प्रतिवन्ध लगाईने छैन ।
२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरण वा छपाईको माध्यमबाट कुनै कुरा प्रकासन वा प्रसारण गरेवापत कुनै पनि किसिमको रेडियो, टेलिभिजन, अनलाईन वा अन्य प्रकारका डिजिटल वा विद्युतीय, छापा वा अन्य कुनै मिडिया वा संचार संग सम्बन्धित उपकरणहरुलाई बन्द, जफत वा सो को दर्ता खारेज गरिने छैन ।
३) कुनै समाचार, लेख, सम्पादकीय, फिचर, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरेवापत कुनै पत्रिका, आवधिक (म्यागेजीन) वा प्रेसलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन । त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो कार्यवाट पीडित व्यक्तिलाई उचित क्षतिपुर्ति पाउने हक हुनेछ ।
४) कानुन बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन एवं संचारका अन्य कुनै पनि माध्यमहरुलाई प्रतिवन्ध लगाईने छैन ।

### १२. सूचनाको हक:

प्रत्येक नागरिकलाई सार्वजनिक निकाय समक्ष सूचना माग गर्न र प्राप्त गर्ने हक हुनेछ ।

तर नेपालको सार्वभौसत्ता तथा स्वाधिनतामा खलल पुग्न सक्ने सम्भावना भएको कुनै स्पष्ट गतिविधि वा जात, जाती धर्म वा सम्प्रदायका जनताको विरुद्धमा घृणा, भेदभाव वा हिसां गर्न दुरुत्साहन गर्ने कार्य वा अरुको मर्यादा, न्यायालयको स्वतन्त्रता वा अधिकार, सार्वजनिक व्यवस्था वा सार्वजनिक सदाचारमा असर पार्ने गरी सूचना सार्वजनिक गर्नमा रोक लगाउने गरी कानुन बनाउन वाधा पुऱ्याएको मानिने छैन ।

| क्र.सं. | प्रस्तावित संवैधानिक प्रावधान | प्रावधानको व्यवस्था गर्नुका कारणहरू |
|---|---|---|
| | (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः- (क) विचार र अभिव्यक्तिका स्वतन्त्रता, | स्वतन्त्रताको हक नागरिकलाई प्रत्याभूत गरिएको मौलिक हक हो । व्यक्तिका विभिन्न स्वतन्त्रताहरु राज्यभन्दा अगावैदेखि व्यक्तिलाई प्राप्त स्वतन्त्रता हुन् । राज्यबाट बहुमतको आडमा अल्पमतउपर अन्याय हुन नदिन तथा व्यक्ति र समाजको प्रगति र समुन्नति कायम गर्न समेतका लागि नागरिकहरूको स्वतन्त्रताको संरक्षण आवश्यक हुन्छ । स्वतन्त्रता अधिकारहरूको स्रोत पनि हुन् । स्वतन्त्रता निरपेक्ष र असीमित नहुने तथा न्यायपूर्ण, उचित र मनासिब कानूनका आधारमा मनासिब बन्देज स्वीकार्य हुने एवं त्यस्ता बन्देजहरूका सन्दर्भमा स्वतन्त्रताको दावी पुग्न नसक्ने मान्यताका आधारमा नेपाली नागरिकका विभिन्न स्वतन्त्रताहरूलाई उच्चकोटीको कानूनी र राजनीतिक संरक्षण प्रदान गर्न देहायका स्वतन्त्रताहरूलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति गरिएको छ ।<br><br>स्वतन्त्रताहरूको जननीको रूपमा रहेको विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रत्येक नेपाली नागरिकलाई प्रत्याभूत गरिएको स्वतन्त्रता हो । जुनसुकै उमेर, लिङ्ग, वर्ग, क्षेत्रका प्रत्येक नागरिकले विचार निर्माणका लागि सूचना, जानकारीहरु प्राप्त गर्ने देखि लिएर लिखित, मौखिक,साङ्केतिक तथा आफ्नो इच्छाको माध्यमबाट व्यक्तिगत वा सामूहिक रूपमा विचारको निर्माण गर्न पाउने, विचार अभिव्यक्त गर्न पाउने, सम्प्रेषण तथा प्रवाह गर्न पाउने एवं राज्यका काम कारवाहीसँग असहमत समेत हुन पाउने अधिकार यस स्वतन्त्रता अन्तर्गत पर्दछन् । यसै खण्डको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको संवैधानिक सुनिश्चितता प्रदान गर्न यो व्यवस्था गरिएको छ । |
| | प्रतिबन्धात्मक व्यवस्था<br>तर, (१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने वा संघीय इकाइ)बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय भेदभाव वा छुवाछुतलाई दुरूत्साहन गर्ने कार्य वा गाली वेइज्जती, अदालतको अवहेलना हुने वा अपराधको दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । | असीमित स्वतन्त्रता सम्भव र वाञ्छनीय नहुने भएकोले र मौलिक हक र स्वतन्त्रताको अभ्यास राष्ट्र र संविधानभित्र रहेर मात्र हुन सक्ने र व्यक्तिगत स्वतन्त्रता भन्दा राष्ट्रिय हित सदैव सर्वोपरि हुने भएकोले न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा हुने नीतिगत, सैद्धान्तिक र प्राज्ञिक बहस र टिप्पणीलाई अदालतको अवहेलना नमानिने स्पष्ट गर्दै राष्ट्रिय तथा सार्वजनिक हितका विषयहरु - नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्य वा संघीय इकाइबीचको सु- सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा गाली वेइज्जती, अदालतको अवहेलना वा अपराधको दुरूत्साहन गर्ने कार्य वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल र जातीय भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा राज्यले न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत विचार र अभिव्यक्तिको स्वतन्त्रता उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने ऐन बनाउन यो व्यवस्था गरिएको छ । |

| | | |
|---|---|---|
| | आमसञ्चार सम्बन्धी हकः<br>(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । | खुल्ला र पारदर्शी समाज, चेतनशील र सिर्जनशील नागरिक, स्वस्थ्य, स्वच्छ एवं नैतिक सामाजिक व्यवस्था र उत्तरदायी सरकार एवं अनुशासित, मर्यादित, व्यवसायिक र गतिशील आमसञ्चार जगत लोकतन्त्रका आधरस्तम्भ भएकोले जनताले सत्य तथ्यको जानकारी पाउन, निर्णय प्रकृयामा सहभागी हुन, समाजलाई गतिशीलता प्रदान गर्न, लोकतन्त्रको संस्थागत विकास र सुदृढिकरणकालागि स्वच्छ र सिर्जनशील जनमतको निर्माण गर्न, सरकारका काम कारवाहीहरूलाई पारदर्शी र उत्तरदायी बनाउन समेतका लागि प्रकाशन र प्रशारणका सबै प्रकारका माध्यमहरूबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न कुनै प्रकारको पूर्व प्रतिबन्ध लगाउन नपाउने व्यवस्था सुनिश्चित गर्दै यसै उपधाराको प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही जनताको जान्न पाउने हक सुरक्षित गर्न यो व्यवस्था गरिएको छ । |
| | तर नेपालको राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा संघीय इकाइ)बीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, भूूटो सामग्री प्रकाशन वा प्रशारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुर्‍याउने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुल र छुवाछुत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । | तर राष्ट्रिय हित र सार्वजनिक हित सदैव नागरिकको अधिकारभन्दा सर्वोपरि हुने भएकोले राष्ट्रिय हित, सार्वजनिक शिष्टाचार र नैतिकताको संरक्षण, अपराधको नियन्त्रण गर्ने समेतको सन्दर्भमा नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्य वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा विद्वेष फैलाउने कार्य वा राज्यद्रोह, न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा हुने नीतिगत, सैद्धान्तिक र प्राज्ञिक बहस र टिप्पणीलाई अदालतको अवहेलना नमानिने स्पष्ट गर्दै अदालतको अवहेलना हुने वा भूूठो सामग्री प्रकाशन वा प्रशारण गरी व्यक्तिको सामाजिक मर्यादामा आँच पुर्‍याउने कार्य वा अपराधको दुरूत्साहन गर्ने कार्य वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकुलको कार्य वा बालबालिकालाई नकारात्मक असर पर्ने वा अश्लील चित्रण गर्ने वा छुवाछुत, जातीय वा लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा राज्यले आवश्यकता अनुसार न्यायपूर्ण, स्वच्छ र उचित ऐन मार्फत यस हक उपर मनासिब प्रतिबन्ध लगाउन सक्ने कानून बनाउन यो व्यवस्था गरिएको छ । |
| | (२) कुनै श्रव्य, श्रव्य दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन । | निष्पक्ष, स्वतन्त्र, निर्भीक र सुरक्षित आम सञ्चार जगतबाट मात्र नागरिकको विचार अभिव्यक्ति गर्ने तथा सुसूचित हुने हक सुरक्षित हुने भएकोले केवल कुनै पनि श्रव्य, दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्री प्रकाशन तथा प्रसारण गरे वा छापे वापत मात्र त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य कुनै पनि प्रकारको सञ्चार माध्यमलाई राज्यबाट बन्द, जफत वा दर्ता खारेज नहुने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | (३) कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | नागरिकको विचार अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हक सुरक्षित र संरक्षित गर्न आम सञ्चारको प्रमुख माध्यमको रूपमा रहेको प्रकाशन माध्यम अन्तर्गतका सम्पादकीय स्वतन्त्रतालाई सुरक्षित र संरक्षित गर्दै केवल कुनै पनि लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरे वापत मात्र विचार अभिव्यक्तिको एक प्रमुख माध्यमको रूपमा रहेका सामाचारपत्र, पत्रिका वा छापाखानालाई बन्द नगरिने, जफत नगरिने वा त्यस्तो पत्रपत्रिका वा छापाखानाको दर्ता खारेज नहुने कुराको संवैधानिक प्रत्याभूति प्रदान गर्न तथा केवल कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गर्ने कार्यलाई कानून बमोजिम दण्डनीय |

| | | |
|---|---|---|
| | सूचनाको हकः<br>प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ । | यो हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । यो हक नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको विस्तारित रूप हो । खुल्ला र पारदर्शी समाजको निर्माण र प्रवर्द्धन गर्न, शासन व्यवस्थामा जनताको सार्थक सहभागिता सुनिश्चित गर्न, राज्य संयन्त्रलाई खुल्ला, पारदर्शी र जवाफदेही बनाउन, सार्वजनिक निर्णय प्रकृयामा जनताको सहभागिता बढाउन, खुल्ला र पारदर्शी संस्कृतिको निर्माण गर्दै लोकतन्त्रलाई संस्थागत र सुदृढीकरण गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासको लागि मुलतः राज्य संयन्त्रमा रहेका सूचनामा नागरिकको पहुँचको अधिकार सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । प्रत्येक नागरिकलाई राज्य संयन्त्र वा सार्वजनिक निकायमा रहेका मुद्रित, लिखित वा अन्य कुनै स्वरूप र माध्यममा रहेका जानकारी, सूचना, तथ्यांक वा त्यस्ता निकायका काम कारवाही सम्बन्धी जानकारी एवं त्यस्ता निकायमा रहेका त्यस्ता सूचनाहरु माग गर्ने तथा त्यस्ता सूचनाको लिखित, मुद्रित वा श्रव्य दृश्य सामग्रीको प्रतिलिपि प्राप्त गर्ने, विद्युतीय वा अन्य स्वरूप वा माध्यममा रहेका सूचना प्राप्त गर्ने एवं त्यस्तो सूचना रहेको स्थानको अवलोकन गर्ने समेतका हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| | तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन । | तर राष्ट्रिय सुरक्षा, वैयक्तिक गोपनीयता, व्यापारिक, मौद्रिक गोप्यता, अपराधको अनुसन्धान, कारवाहीयुक्त अवस्थामा रहेका अपरिपक्व सूचनाहरु जस्ता राष्ट्रिय महत्वका दृष्टिले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनालाई गोप्य राख्न र त्यस्ता सूचनामा सूचनाको हक दावी पुग्न नसक्ने भएकोले कानून बमोजिम गोप्य राख्नु पर्ने विषयमा सूचनाको हकको दावी पुग्न सक्तैन । |